# किसानको साथी सालकको संरक्षण गरौं !!




@JASON S. C. CHIN

## सालकबारे जानौं

- एसियामा पाइने चार प्रजातिका सालकमध्ये नेपालमा दुई प्रजाति, **कालो सालक** र **तामे सालक** पाइन्छन् ।
- सालक कडा खपेटाले ढाकिएको एकदम लजालु र संवेदनशील सानो स्तनधारी जनावर हो । यो प्रायः आफैंले दुलो खनेर बस्छ भने रातको समयमा बढी सक्रिय हुन्छ ।
- नेपालका विभिन्न स्थानमा सालकलाई “घोसे”, “कैंड्या” र “साल माछा” जस्ता स्थानीय नामले चिनिन्छ ।
- मुख्य आहाराः कमिला र धमिरा ।

**Nepali Name:** कालो सालक
**Common Name:** Chinese Pangolin
**Scientific Name:** *Manis pentadactyla*
**IUCN Red List:** Critically Endangered
**CITES:** Appendix I
**National Conservation Status:** Protected Species Under NPWC Act 1973




- कालो सालक नेपालको तराईदेखि मध्य पहाडी क्षेत्रसम्म पाइन्छ।
- यो विशेष गरी वन, पानीको स्रोत नजिकका क्षेत्र तथा मानव बस्ती आसपासमा पाइन्छ।

*Source:* (DNPWC & DoF, 2018)

## सालकलाई किन बचाउने ?







सालकले एक दिनमा १४०-२०० ग्राम, अर्थात् एक वर्षमा ७ करोड कमिला-धमिरा खाएर प्राकृतिक कीट नियन्त्रण गरी किसानलाई सहयोग गर्छ।



सालकले माटो खन्ने भएकाले माटो खुकुलो बनाइ वन पुनरुत्पादन (regeneration) बढाउनमा मद्दत गर्छ ।

## संरक्षण चुनौती

- चोरी शिकार (मासु, खपेटा र अन्य प्रयोगको लागि)
- अवैध व्यापार
- बासस्थान विनाश (खण्डीकरण, वन डढेलो आदि)
- जनचेतनाको कमी

## संरक्षणका उपायहरू

- सालक नमार्ने र मार्न नदिने ।
- समुदाय र विद्यालय स्तरमा सालक संरक्षण शिक्षा सञ्चालन गर्ने।
- समुदायमा सालक संरक्षणप्रति जागरुकता र सहभागिता बढाउने।
- सालकको सुरक्षित उद्धार र पुनःस्थापन (rescue and release) सम्बन्धी ज्ञान विकास गर्ने।



सालकलाई सुरक्षित उद्धार पछि आफ्नो प्राकृतिक बासस्थानमा पुनः स्थापना गरिँदै ।
तस्विरः डिभिजन वन कार्यालय, उदयपुर

## सावधान !!

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार सालकको अखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। त्यस्तै, सालक मार्ने वा घाइते बनाउने व्यक्तिलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि दश वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी)

WILDCARE

The Rufford Foundation
www.rufford.org @ruffordgrants


**थप जानकारीका लागि**
विशाल भण्डारी, फोनः ९८६३४४२१११
वाईल्ड केयर नेपाल
पुल्चोक, ललितपुर
www.wildcare.org.np